## आमचोक गाउँपालिका, बालंखा,भोजपुरद्वारा प्रकाशित

| |
|---|
| **स्थानीय राजपत्र** |
| **खण्डः ८ संख्याः ०२**<br><br>**गाउँसभाले स्वीकृत मिति : २०८१/४/०५** |
| **भाग-१**<br><br>**आमचोक गाउँपालिका** |
| **आमचोक गाउँपालिकाको विनियोजन ऐन, २०८१** |
| **प्रमाणीकरण गर्ने**<br>**अशोक राई**<br>**अध्यक्ष**<br>**प्रमाणीकरण मिति २०८१/३/२७** |

# आमचोक गाउँपालिकाको विनियोजन ऐन, २०८१

आमचोकगाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः२०८१/०३/२७

**प्रस्तावना:** आमचोक गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२९ को उप-धारा(२) बमोजिम आमचोक गाउँ सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**

यस ऐनको नाम (१) "आमचोक गाउँपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ ।

यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८१/८२ को निमित्त सञ्चितकोषवाट रकम खर्च गर्ने अधिकार :** (१)आर्थिक वर्ष २०८१/०८२ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु. ४१,६६,६६,००० /(एकचालिस छैसठ्ठीलाख छैसठ्ठीहजार मात्र)**मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन** (१) :यो ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०८१/०८२ को निमित्त आमचोक गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा(१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।
तर चालु तथा पूँजिगत खर्च र खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकवाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

**अनुसुचि-१**

(संग सम्वन्धित २दफा )

नेपालको संविधानको धारा २२९ वमोजिम (२)

सञ्चित कोषबाट विनियोजन हुने रकम

| **क्र.सं.** | **अनुदान** | **शिर्षकको नाम** | **चालु खर्च** | **पूजिगत खर्च** | **वित्तिय** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँकार्यपालिका | **२८,७७,९६,०००/** | **१२,८८,७०,०००/** | ० | **४१,६६,६६,०००/** |
| २ | | वडा समिति | | | | |
| ३ | | बिषयगत शाखा | | | | |
| ४ | | ऋणको साँवा | | | | |
| ५ | | लगानी/शेयर/ऋण | | | | |

**आज्ञाले**
**अशोक राई**
**अध्यक्ष**
**आमचोक गाउँपालिका,वालंखा,भोजपुर**